गाँउ कार्यपालिकाबाट स्वीकृती मिति २०७९।०५।२०

# घरमा सुन्य प्रशुती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

**इस्मा गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**इस्मा,** गुल्मी

# घरमा सुन्य प्रशुती कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७९

इस्मा गाउँपालिका भित्र सुरक्षित मातृत्व, शिशु मृत्युदरमा कमि गर्न नवजात शिशु र आमाको पोषणको अवस्थामा सुधार ल्याउन र समग्र पालिका भित्र घरमा सुत्केरी हुने अवस्थालाई रोकि सिगो गाउँपालिकालाई नै शुन्य प्रशुती गाउँपालिका घोषणा गरी कायम राख्ने उद्धेश्यका साथ वार्षिक नीति तथा कार्यक्रम बमोजिम नेपालको संविधान २०७२को धारा २२६ र२२७ को प्रयोग गरी धारा ३५ तथा ३९सँग सम्बन्धीत रहि इस्मा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित) ऐन २०७५ को दफा ३ र ४ को अधिकार प्रयोग गरी घरमा शुन्य प्रशुती कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९"जारी गरेको हो।

## परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम" घरमा सुन्य प्रशुती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ।

२. यो कार्यविधि स्थानीय राज पत्रमा प्रकाशितत भएपछि लागु हुनेछ।

**३. परिभाषा** :विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **"गाउँपालिका"** इस्मा गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) **"वडा कार्यालय"** भन्नाले इस्मा गाउँपालिकाभित्रका वडा कार्यालयहरुलाई सम्झनु पर्छ।

(ग **स्वास्थ्य संस्था"** भन्नाले सरकारी वा नेपाल सरकारको स्वामित्वमा रहेको अस्पताल, शिक्षणअस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्यचौकी लाइ सम्झनु पर्छ।

(घ) "बर्थिङ्ग सेन्टर भन्नाले यस गाउँपालिका अन्तरगतका चौबिसै घन्टे सुत्केरी सेवा उपलब्ध गराउने स्वास्थ्य संस्था सम्झनु पर्दछ।

धनिश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(ङ) **"सेवाग्राही"**भन्नाले इस्मा गाउपालिकाभित्रका चौबिस घण्टे पर्सुति सेवा उपलब्धभएका स्वास्थ्य संस्थाहरुमा सुत्केरीभएका महिलालाई सम्झनु पर्दछ ।

(च) अनुगमन समिति भन्नाले यो कार्यविधि बमोजिम गठन भएको अनुगमन समिति लाई सम्झनु पर्दछ ।

## परिच्छेद २

### ३.घरमा सुन्य प्रशुती गाउँपालिका कार्यक्रम कार्यान्वयन प्रकृया :-

१) इस्मा गाउँपालिकाका बर्थिङ् सेन्टरहरुलाई भौतिक पूर्वाधार, मानव श्रोत,र दक्ष जनशक्ति व्यवस्थापन गर्ने ।

२) घरमा सुत्केरी हुने महिलाहरु लाई निरुत्साहित गरी स्वास्थ्य संस्थामा मात्र सुत्केरी हुने वातावरण श्रृजना गर्नको लागि जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्ने ।

३) गर्भवतीहरु पहिचान गरी प्रोटोकल बमोजिमको गर्भ जाचँ लाई सत प्रतिशत बनाउनको निम्ति प्रत्येक गर्भवतीको घरमा हरियो झन्डाको व्यवस्था गर्ने ।

४) गर्भवती पोषण लाई थप प्रवर्धन गर्नको लागि प्रत्येक गर्भवती लाई एक क्यारेट अन्डा बितरण गर्ने ।

५) घरमा शुन्य प्रसुती गाउँपालिकाको आधार निर्माण गर्नको लागि सुरुमा संस्थागत सुत्केरी वडा छनोट गरी अभियान संचालन गर्दै जाने ।

६) गाउँपालिका स्तरमा गोष्ठी गरी वडा छनौट गर्ने र मापदन्ड पुरा गरेका वडाहरु क्रमशः घोषणा गर्दै जाने ।

७) पुर्ण संस्थागत सुत्केरी वडा/गाउँपालिका घोषणाको मापददण्ड तपशिल बमोजिम हुनेछ

(क) कम्तिमा एक आर्थिक वर्षको अवधिभर उक्त वडामा घरमा सुत्केरी भएको हुनु हुदैन ।

धनिश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(ख) वडामा रहेको कुल गर्भवतीले वडामा रहेको स्वास्थ्य संस्थाको बर्थिङ्ग सेन्टर वा नेपाल सरकारले सुचिकृत गरेको कुनै पनि बर्थिङ्ग सेन्टरमा सुत्केरी भएको हुनु पर्दछ ।

(ग) शत प्रतिशत गर्भवती महिलाहरुले पुर्ण टि डि खोप लगाएको हुनु पर्नेछ ।

(घ) नेपाल सरकारको प्रोटोकल बमोजिम ९५% गर्भवती महिलाको गर्भ जाचँ भएको हुनु पर्नेछ ।

(ङ) गर्भवतीको बेला शत प्रतिशतले १८० चक्की आईरन र जुकाको औषधि खाएको हुनु पर्नेछ ।

(च) शतप्रतिशत गर्भवतीले पि एम टि सि टी सेवा स्वास्थ्य संस्था मार्फत लिएको हुनु पर्नेछ ।

(छ) संस्थागत सुत्केरी लाई सधैका लागि निरन्तरता दिन स्थानीय स्तरमा दिगोपनाको योजना बनाएको हुनु पर्नेछ ।

(ज) सुत्केरी जाचँ कार्यक्रम लाई थप प्रभावकारि रुपमा कार्यान्वयन गर्नु पर्नेछ ।

(झ) यसरी एउटा स्वास्थ्य संस्था र वडाहरु घोषणा गर्दै गए पछि पुर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्न सकिनेछ ।

(ञ) यसरी मापदन्ड पुरा गरिसकेपछि तोकिएको अनुसुचि बमोजिमको प्रतिबेदन सम्बन्धित वडाको स्वास्थ्य संस्था बाट पेश गर्नु पर्नेछ ।

(ट) यसरी सम्पुर्ण मापददण्ड पुरा गरि सकेपछि वडा घोषणा गाउँपालिका ले गर्नेछ भने सम्पुर्ण वडा घोषणा को मापदन्ड पुरा गरिसके पछि जिल्ला समन्वय समित बाट पुर्ण संस्थागत प्रशुति गाउँपालिका घोषणा हुनेछ ।

शनिश्चर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ३

## बजेट व्यवस्थापन तथा वितरण

**४. बजेट व्यवस्था :** (१) घरमा शुन्य प्रशुती गाउँपालिका कार्यक्रम कार्यान्वयन/घोषणा र दिगोपना सु निश्चततताको लागि बजेटको व्यवस्था इस्मा गाउँपालिकाको कार्यालयले गर्ने छ।

(२)घरमा सुन्य प्रशुती कार्यमा सहयोग गर्ने महिला स्वयम सेविकाहरुले सुत्केरी गराउन स्वास्थ्य संस्थामा ल्याउने र घरमा लैजाने गरे वापत प्रोत्साहन स्वरूप रु. ५००। यातायात खर्च उपलब्ध गराइने छ।

## परिच्छेद ५

## अनुगमन तथा मुल्यांकन

**६. अनुगमन तथा मुल्यांकनः** (१) शुन्य प्रसुती गाउँपालिका कार्यक्रम घोषणाको निम्ति तपशिल बमोजिमको अनुगमन समिति गठन हुनेछ ।

तपशिल

संयोजकः- गाउँपालिका अध्यक्ष

सदस्यः- गाउँपालिका उपाध्यक्ष

सदस्यः-प्रमुख प्रशासकीय अधिकृत

सदस्यः-सम्बन्धित वडाध्यक्ष

सदस्यः-गाउँपालिकाको आमा सुरक्षा कार्यक्रम हेर्ने फोकल पर्शन

सदस्यः-सम्बन्धित वडाको स्वस्थ्य संस्था प्रमुख

सदस्य सचिवः-स्वास्थ्य शाखा प्रमुख

धनिश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सुन्य प्रशुती गाउँपालिका कार्यक्रम घोषणाको व्यवस्थापन, अनुगमन, मुल्यांकन, प्रचार प्रसार तथा समीक्षा गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयबाट हुनेछ ।

७. **प्रतिवेदन** : घरमा सुन्य प्रशुती वडा घोषणाको मापदन्ड पुरा भएपछि गाउँपालिका लाई अनुगमनको निम्ति सम्बन्धित वडाको स्वास्थ् संस्थाले गाउँपालिका लाई पत्राचार गर्नु पर्नेछ र सो सगैं तोकिएको ढाचाँमा प्रतिबेदन संलग्न गर्नुपर्नेछ ।

## परिच्छेद ६

## विविध

८. घरमा सुन्य प्रसुती कार्यक्रमलाई प्रभावकारी बनाउन गैर सरकारी क्षेत्र, सन्चार क्षेत्र, निजी क्षेत्रसंग समन्वय र सहकार्य गरिनेछ।

९. यस कार्यविधिअनुसारको कार्यक्रमको समिक्षा नियमित रुपमा गाउ कार्यपालिकाको कार्यालयले गर्ने छ ।

१०. हरेक आर्थिकको सबै भन्दा पहिला "घरमा शुन्य प्रसूति वडा"घोषणा गर्ने स्वास्थ्य चौकी परिवारलाई प्रोत्साहन स्वरूप घरमा शुन्य प्रसूति गाउँपालिका"घोषणा हुदा सम्मान गरिने छ।

१०. कार्यविधि तथा अनुसूचीमा हेरफेर तथा संसोधन :इस्मा गाउँकार्यपालिकाको कार्यालयले यस कार्यविधि तथा अनुसूची आवश्यकता अनुसार हेरफेर तथा संसोधन गर्न सक्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

(दफा २ को उपदफा ञ संग सम्वन्धित)

## पुर्ण संस्थागत सुत्केरी वडा/गाउँपालिका घोषणाको

## प्रतिबेदन

## इस्मा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

इस्मा रजस्थल,गुल्मी

मिति २०७ । । गतेका दिन इस्मा गाउँपालिका वडा नं. इस्मा गाउँपालिका जिरोहोम डेलिभरि गाउँपालिका स्तरिय अनुगमन समितिको स्थलगत अनुगमन प्रतिवेदन ।

| सि.नं. | नामथर | उमेर | ठेगाना | गर्भ जाँच | | | | टि.डि.खोप | | सुत्केरी भएको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चौथो महिना | छैठौं महिना | आठौं महिना | नवौं महिना | २ | २ + | | |
| | | | | | | | | | | | |

धनिश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत